बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)
नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

## बाल अनुकूल न्यायको सुनिश्चितता तथा बाल सुधार गृहको स्तरोन्नति सम्बन्धी सिजपको विज्ञप्ति

भक्तपुर स्थित बाल सुधार गृहका विषयमा पछिल्लो समय सञ्चारका विभिन्न माध्यमहरुबाट प्रकाशन तथा प्रसारण भै रहेको समाचारप्रति यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ। किशोरको मृत्यु भएपछि भक्तपुर बाल सुधार गृहमा तनाव शीर्षकमा प्रकाशित यो घटनाले नेपालले बाल अनुकूल न्यायको लागि गरेको संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाको गम्भीर उल्लंघन भएको, बाल सुधार गृहको विषयमा अवधारणात्मक स्पष्टता नभएको, बाल सुधार गृहको न्यूनतम व्यवस्थापनमा समेत ख्याल नगरिएको प्रष्ट पार्दछ। तसर्थ, उक्त घटनाको यथाशक्य चाँडो वस्तुगत तथा निस्पक्ष छानबीन गरी दोषीमाथि कडा भन्दा कडा कारवाहीका साथै आगामी दिनमा यस्ता घटनाहरु हुन नदिन बाल सुधार गृहको उचित व्यवस्थापनका लागि नेपाल सरकारका सम्बद्ध निकायसँग यस अभियान जोडदार माग गर्दछ।

नेपालको संविधानको धारा ५१ को खण्ड (ज) (५) ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीतिलाई राज्यको मूल नीतिको रुपमा स्वीकार गरेको छ। यसैगरी संविधानको धारा ३९ को उपधारा (८) मा बाल अनुकूल न्यायको हक सुनिश्चित गरिएको छ। यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४३ मा कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनः स्थापना नभएसम्मका लागि बाल सुधार गृह सम्बन्धी व्यवस्था उल्लेख छ। सोही दफाको उपदफा (४) मा अठार वर्ष उमेर पुगेका बालबालिकाको हकमा अन्य बालबालिकासँग अलग राख्नुपर्ने र दफा २७ मा दिशान्तरको व्यवस्था उल्लेख भएको छ। यसैगरी बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम १८ को उपनियम (३) मा बाल सुधार गृहमा बालमैत्री वातावरण हुनुपर्ने, नियम २९ र ३१ मा स्वास्थ सम्बन्धी सेवाको उपलब्धता, नियम ३६ मा बालसंरक्षण मापदण्डको तर्जुमा गर्नुपर्ने, नियम ४१ मा बाल सुधार गृहको सुरक्षा सम्बन्धी व्यवस्था उल्लेख भएको छ। यी र यस्ता कानूनी तथा नीतिगत व्यवस्थाका बाबजुद पनि भक्तपुरस्थित बाल सुधार गृहमा भएको घटनाले बाल अनुकूल न्याय तथा बाल सुधार गृहको व्यवहारिक कार्यान्वयन तथा व्यवस्थापनमाथि प्रश्न चिन्ह खडा भएको छ। अर्कोतिर यस्ता घटनाहरुले समाजमा पार्ने नकारात्मक असर, सुधार गृहमा नै रहेका अन्य बालबालिकामाथि पर्न सक्ने नकारात्मक प्रभावलाइ पनि कम आकलन गर्न सकिन्न।

घटना सार्वजनिक भए लगत्तै नागरिक समाजको तर्फबाट घटनाको सत्यतथ्य छानविनका लागि शुरु भएको फ्याक्ट फाइन्डिङ मिसनमा सिजप सक्रिय रुपमा क्रियाशील भएको छ। घटनाको सत्य तथ्य छानविन हुनु पर्ने, दोषीमाथि कडा भन्दा कडा कारवाही हुनुपर्ने, बाल संरक्षण मापदण्डको अनिवार्य तर्जुमा तथा कार्यान्वयनमा जोड दिनुपर्ने, बाल सुधार गृहको न्यूनतम मापदण्ड कार्यान्वयन भए नभएको नियमन हुनुपर्ने तथा दिशान्तरमा जोड दिनुपर्ने विषयमा यस अभियान सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछ। साथै बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा सम्बर्धनका लागि नेपाल प्रतिवद्द छ भन्ने सन्देश विश्वसामु पुर्याउन समेत हामी सरकारको ध्यानाकर्षण गराउँदछौं।

मीना शर्मा
अध्यक्ष

तिलोत्तम पौडेल
महासचिव

मिति २०८० भाद्र ६ गते